# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## टेम्केमैयुङ गाउँपालिका
## भोजपुर

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## टेम्केमैयुङ गाउँपालिका
## भोजपुर

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

टेम्केमैयुङ गाउँपालिका
भोजपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन ,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**जेष्ठ ,२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १२३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

टेम्केमैयुङ गाउँ कार्यपालिकाको कार्यालय,

भोजपुर ।

१. कैफियत सहितको राय — हामीले यस पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड २५ लाख ३२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु२८ लाख ७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ लाख ५३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३४ लाख ४६ हजार, नियमित गर्नुपर्ने रू.६१ लाख २६ हजार र पेश्की बाँकी शून्य समेत रू.९७ लाख २५ हजार रहेको छ । यस पालिकाको गतवर्ष सम्म रू.४ करोड ७८ लाख ८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रू.५ करोड ७५ लाख ३३ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. यस पालिकाको विशेष व्यहोरा वित्तीय विवरणसँग प्रत्यक्ष सम्बन्ध छ भने समावेस गर्ने र नभएमा २.३ हटाइ तलको निम्नानुसार व्यहोरा कायम नै गर्ने

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. अन्य व्यहोरा - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)

**नायब महालेखापरीक्षक**

टेम्केमैयुङ गाउँपालिका,

भोजपुर जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६० | ३२ | १२५३२ | ० | १० | २८०७ | ६० | २२ | ९७२५ | १५३ | ६१२६ | ३४४६ | ० | ० | ९५७२ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भोजपुर | ४७८०८ | ० | ० | ४७८०८ | ० | ९७२५ | ५७५३३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | | ४४.१ | प्रमाण पेश भै बेरुजु फस्यौंट भएको | ५९५०३।०० |
| २ | | ४४.२ | प्रमाण पेश भै बेरुजु फस्यौंट भएको | ११८६००।०० |
| ३ | | ४६.२ | असुल गरी दाखिला भएको प्रमाण पेश भै बेरुजु फस्यौंट भएको | ६८००।०० |
| ४ | | ४९ | असुल गरी दाखिला भएको प्रमाण पेश भै बेरुजु फस्यौंट भएको | ३६००।०० |
| ५ | | ५०.१ | प्रमाण पेश भै बेरुजु फस्यौंट भएको | २४६२५१६।०० |
| ६ | | ५०.२ | प्रमाण पेश भै बेरुजु फस्यौंट भएको | १५०३६५।०० |
| ७ | | ५१ | असुल गरी दाखिला भएको प्रमाण पेश भै बेरुजु फस्यौंट भएको | ६४००।०० |
| | चालु वर्षको जम्मा | | | २८,०७,७८४।०० |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | | | ० |
| | २०७७।७८ | | | ० |
| | | | | |
| | २०७६।७७ | | | ० |
| | गत विगतको जम्मा | | | ० |
| | कुल जम्मा | | | २८,०७,७८४।०० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय**

**(क) टेम्केमैयुङ गाउँपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल १७३.४ वर्ग किलोमिटर तथा १७९११ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।६।४ देखि २०८०।६। ८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** आय — व्ययतर्फ रू.१,२०,११,०९,१७९।६९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा लेखापरीक्षकले औंल्याएपछि रू.४७,११,५७३।९६ असुल भइ दाखिला भएको प्रमाण पेश भएको छ ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | साना सिंचाई कार्यक्रमको SDC श्रोततर्फको | ३०४१०५७। |
| २ | सामाजिक सुरक्षाको बैंकबाट फिर्ता रकम | १६७०५१६।९६ |
| | **जम्मा** | **४७११५७३।९६** |

२ **वित्तीय विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्रासि र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नानुसार देखिएको छः-

| विवरण | टिप्पणी | यस वर्ष रू. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्रासि/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्रासी (क+ख) | | ६२,३७,२३,०१३.७५ | ४९,४७,३६,०२४.२४ | | ४९,४७,३६,०२४.२४ |
| क. प्रासि (संचितकोषमा आम्दानी बाँधिने) | | ५५,४३,७५,७६०.०० | ४६,९७,२७,१३०.७४ | ० | ४६,९७,२७,१३०.७४ |
| ११००० कर | ११ | ९,०१,०४,८६०.०० | ७,२७,३८,३९६.९१ | ० | ७,२७,३८,३९६.९१ |
| १३००० अनुदान | | ४२,८३,८६,०००.०० | ३९,३८,१६,३०४.०० | ० | ३९,३८,१६,३०४.०० |
| संघीय सरकार | १२ | ४०,२४,५४,०००.०० | ३६,९०,८७,९३४.०० | ० | ३६,९०,८७,९३४.०० |
| प्रदेश सरकार | १२ | २,५९,३२,०००.०० | २,४७,२८,३७०.०० | ० | २,४७,२८,३७०.०० |
| १४००० अन्य राजस्व | | १३,८४,८००.०० | ३१,७२,४२९.८३ | ० | ३१,७२,४२९.८३ |
| ३२००० वित्तीय सम्पत्ति | | ३,४५,००,१००.०० | ० | ० | ० |
| ख. अन्य प्रासि | | ६,९३,४७,२५३.७५ | २,५०,०८,८९३.५० | | २,५०,०८,८९३.५० |
| वितरण गर्न बाकी राजस्व | | ० | १३,४८,००४.०० | ० | १३,४८,००४.०० |
| कोषहरु | | ६,९३,४७,२५३.७५ | २,०७,९८,९४२.५० | ० | २,०७,९८,९४२.५० |
| धरौटी | | ० | २८,६१,९४७.०० | ० | २८,६१,९४७.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६२,३७,२३,०१३.७५ | ५०,४०,९२,५९९.०० | | ५०,४०,९२,५९९.०० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५५,४३,७५,७६०.०० | ४७,५३,४९,५३५.०० | | ४७,५३,४९,५३५.०० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २५,३२,३६,०००.०० | २२,३०,५७,६११.०० | ० | २२,३०,५७,६११.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११,९४,५१,०००.०० | ९,५३,८१,७७७.०० | ० | ९,५३,८१,७७७.०० |
| २५००० सहायता (Subsidy) | १८ | ६,००,०००.०० | ५,९८,४७५.०० | ० | ५,९८,४७५.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | २,५०,०००.०० | २,५०,०००.०० | ० | २,५०,०००.०० |
| २८००० अन्य खर्च | १८ | ६४,५५,४००.०० | ५५,०४,३१६.०० | ० | ५५,०४,३१६.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १७,४३,८३,३६०.०० | १५,०५,५७,३५६.०० | ० | १५,०५,५७,३५६.०० |
| ३३००० दायित्व | १८ | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | ६,९३,४७,२५३.७५ | २,८७,४३,०६४.०० | | २,८७,४३,०६४.०० |
| कोषहरु | | ६,९३,४७,२५३.७५ | २,७०,१३,७७६.०० | ० | २,७०,१३,७७६.०० |
| धरौटी | | ० | १७,२९,२८८.०० | ० | १७,२९,२८८.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | (९३,५६,५७४.७६) | | (९३,५६,५७४.७६) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ७,५६,०२,४४९.४५ | | ७,५६,०२,४४९.४५ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ६,६२,४५,८७४.६९ | | ६,६२,४५,८७४.६९ |
| | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ६,६२,४५,८७४.६९ | | ६,६२,४५,८७४.६९ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### ३ वित्तीय प्रतिवेदन -

३.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.९,१३,७६,६५२।०० तथा एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू.९७,६३,६२६।०० गरी जम्मा रू.१०,११,४०,२७८।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.२ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा देहाय बमोजिम रहेको पाइयो ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | **७५६०२४४९।४५** | ४९४७३६०२४ | **५०४०९२५९९** | **६६२४५८७४।६९** |
| एकीकृत आर्थिक विवरणअनुसार | ६४८०७३८९।४९ | ६३३२९३६८३।२ | ६३१८५५१९८ | ६६२४५८७४।६९ |

- पालिकाको सुत्रले देखाएको गत वर्षको अ. ल्या. संचित कोष र अन्य कोषहरु समेतको रू. ७,५६,०२,४४९।४५ र आय- व्ययको संचित कोष तथा अन्य कोषहरु समेतको ६,४८,०७,३८९।४९ देखाएकोमा रु १,०७,९५,०५९।९६ फरक परेको देखिन्छ । यो फरक हुनुको कारण कोष तर्फको यस वर्षको आयलाई समेत सुत्र सिष्टममा देहाय अनुसार अ.ल्या.मा जोडेको पाइयो ।

| सि नं | कोषको नाम | सुत्रको अनुसूची १५ बमोजिमको अ ल्या | आय व्यय बमोजिमको अ ल्या | फरक रकम |
|---|---|---|---|---|
| १ | कर्मचारी कल्याण कोष | २५८६२७२ | १४८६२७२ | ११०००००.०० |
| २ | विविव खर्च खाता | १५१५१२८५.७१ | ५४५६२२५.७५ | ९६९५०५९.९६ |

- यस वर्षको प्राप्ती र भुक्तानीमा अन्तरसरकारी खर्च समावेश नगरेको कारण फरक परेको देखिन्छ । तर वर्षको अन्तिमको मौज्दात रकममा फरक परेको पाइएन ।

अत: सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार संचित कोषमा रू.४,९५,१८,२२९।४२ मौज्दात रहेकोमा आय व्यव विवरणअनुसार यो वर्ष संचित कोषमा रू.४,९५,५६,८८०। जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.३८,६५१ बढी जिम्मेवारी सारेको छ। उक्त रकम करको खर्च देखाएकोमा बैकमा चेक नसाटिएको पालिकाको भनाई छ ।

सैद्धान्तिक बेरुजु

३.४ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार गरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातमा फरक परेको छैन ।

सैद्धान्तिक बेरुजु

४ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन। जसले

गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।
- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन।
- कार्यालयको श्रेष्ता र बैकबिचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमके मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।
- कुनै रकम रकमको भुक्तानी दिंँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता भई गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश: पालना भएको पाइएन।
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको पाइएन ।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाइयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।
- निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण बनाई लागु गरेको पाइएन ।
- निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाइयो ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाइएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू.३९,६४,४००। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०७९।८० मा रू.४७९३८००।२३ अर्थात अनुमान भन्दा २० प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

८ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४७५३४९५३५ | ४७९३८००।२३ | १.०१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.०१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९ **राजस्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

१० **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५५, ५७, ५८ र ५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रू. |
|---|---|---|
| ११३१४ भुमिकर/मालपोत | १२,६५,०००.०० | ९,३८,०८५.०० |
| ११३२१ वहाल कर | ४४,०००.०० | १,६८,४१०.०० |
| ११३२२ वहाल विटौरी कर | ९३,५००.०० | २९,०७५.०० |

| | | |
|---|---|---|
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ८,३९,६९,०००.०० | ४,९६,७६,४५६.०४ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ० | १,८१,८५,८३९.०७ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३५,५६,३६०.०० | ३३,८९,५३१.८० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | १,३२,०००.०० | ३,१४,४४०.०० |
| ११६९१ अन्य कर | १०,४५,०००.०० | ३६,५६०.०० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ५५,०००.०० | ३८,५००.०० |
| १४२४३ सिफारिश दस्तुर | ४,४०,०००.०० | ७,७८,१६४.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २,७५,०००.०० | ३,४०,९८०.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | १,६५,०००.०० | १,७४,३४०.०० |
| १४२४९ अन्य दस्तुर | ४,३८,८००.०० | १८,३३,९२५.८३ |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | ११,०००.०० | ६,५२०.०० |
| १४६११ व्यवसाय कर | ० | ० |
| **जम्मा आन्तरिक राजस्व** | **९,१४,८९,६६०.००** | **७,५९,१०,८२६.७४** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

११ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत गत वर्ष रू.२,८७,७००।०० कर सङ्कलन गरेकोमा यस वर्ष उठाएको पाइएन । तर पालिका ११६११ व्यवसायले भुक्तानी गर्ने शिर्षकमा रू.३,१४,४४०।०० आम्दानी गरेको विवरण मलेपफा नं २७२ ले देखाएको छ । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखि करको दायराभित्र ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **पालनाको लेखापरीक्षण -**

१२.१ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.३ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.४ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी

पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०७९।३।१० मा रू.५१ करोड ७७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी पालिकाका अध्यक्षले मिति २०७९।४।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.५ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल २७९ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रू.२० लाखमाथिका | रू.५ लाखदेखि २० | रू.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ६५ | ५ | ३३ | २७ |
| २ | वडास्तरीय | २१४ | ० | १७ | १९७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये सबै योजना कार्यान्वयन हुन भएको कार्यालयले विवरण पेश गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.६ **लक्ष्य प्रगति -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार

गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.७ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१५,०५,५७,३५६।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.८ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४९००५००० | ३५१६८२४३ | ७.४० |
| २ | पूर्वाधार विकास | ८०३१३३६० | ७२४७७३५१ | १५.२५ |
| ३ | सामाजिक विकास | २६९०९५००० | २४९२३५९४० | ५२.४३ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ५००४२००० | ४७१६८६४२ | ९.९२ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १०५९२०४०० | ७१२९९३५९ | १५ |
| | **जम्मा** | **५५४३७५७६०** | **४७५३४९५३५** | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५२.४३ प्रतशित र.आर्थिक विकासमा सबै भन्दा घटीमा ७.४० प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

१२.९ **खर्च विश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू.४६,५८,९९९।८३ राजस्व बाँडफाँड र अनुदानबाट रू.४६,५०,६८,१३०।३१ समेत रू.४६,८९,२७,१३०।७४ आम्दानी भएकोमा चालु तर्फ रू. ३२,४७,९२,१७९।र पूँजिगत तर्फ रू.१५,०५,५७,३५६।समेत रू.४७,५३,४९,५३५। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.५२,१८,०००।०० खर्च भएको छ जुन आन्तरिक आयको ११२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.८४ प्रतिशत चालु र ३२.३७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **त्रैमासिक खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | १५०५५७३५६ | २७९९५०५ | ८६६८९९१ | ६०१७६४४० | ७८९१२४२० | २७६१६३६० |
| प्रतिशत | | १.८६ | ५.७६ | ३९.९७ | ५२.४१ | ३५.०० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू.१५,०५,५७,३५६।०० निकासा भएकोमा प्रथम त्रैमासिकमा रू.२७,९९,५०५।०० (१.८६ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.८६,६८,९९१।०० (५.७६ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.६,०१,७६,४४०।०० (३९.९७ प्रतिशत) र चौथो त्रैमासिकमा रू.७,८९,१२,४२०।(५२.४१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.२,७६,१६,३६०।०० (३५ प्रतिशत) खर्च देखिनुले चौथो त्रैमासिकमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.११ देखि ४८.१३ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | गोगने खोला सडक पुल | ०९।७९।८० | युडि बिल्डर्स कं प्रा लि | ३७९०२८११।०३ | ३१३१८३१८।५ | १७.३७% |
| २ | पर्यटन पुर्वाधार सुचना केन्द्र | १३।७९।८० | एमडी कन्स्ट्रक्सन | २५१३९०८।९० | २५१११९६।१८ | ०.११% |
| ३ | वंखुवादेखि तिम्मा वडा कार्यालय जोड्ने सडक | ४।७९।८० | विदुर निर्माण सेवा | ७८५५६९६।५ | ७७८०९७०।२० | ०.९५% |
| ४ | अन्नपुर्ण छिनामखु सडक | ५।७९।८० | नाम्छुवा निर्माण सेवा | ४१४८७३५।६८ | २१५२०४६।५० | ४८.१३% |

सैद्धान्तिक बेरुजु

१५ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **औषधी खरीद -** पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सशर्त तथा पालिका चालु बजेट उपशिर्षकबाट विभिन्न फर्मसँग रु३२ लाख १६ हजारको औषधि खरिद गरेको देखिन्छ। पालिकाले ठेक्काबाट एउटा आपूर्तकबाट रू.४ लाख ९५ हजारको र सोझै र टुक्रे खरीद वापत बाँकी २७ लाख २१ हजारको औषधी खरीद गरेको छ । सार्बजनिक खरीद नियमावली २०६४ को नियम ५१ मा रु पच्चीस लाख रुपैंयासम्म औषधीजन्य मालसामान वा नेपालमा उत्पादित मालसामान त्यस्तो मालसामानको उतपादकले राष्ट्रियस्तरको समाचार पत्रिकामा सूचना प्रकाशित गरी तोकेको बिक्री मुल्यमा सोझै खरीद गर्न मिल्ने मा पालिकाले नियमावलीमा भएको व्यवस्था अनुसार नगरी रु २७ लाख २१ हजारको औषधी खरीद गरेको छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **स्यानिटरी प्याड -** स्यानिटरी प्याड(वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुको संख्याको आधारमा नभइ एकमुष्ट रुपमा पालिकाले तोरण ट्रेड लिङ्कबाट ९६६० थान स्यानिटरी प्याड रू.९६५९३९। (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **न्यानो झोला -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ७ बर्थिङ सेन्टरमा गत वर्ष ६६ थान बाँकी रहकेको यस वर्ष २५० थान को रू. २,२४,७५१।०० मा खरिद गरी जम्मा ३१६थान न्यानो झोला रहेको पालिकाले उपलव्ध गराएको विवरणबाट देखिन्छ । यस वर्ष ११३ जना गरी प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका २०३ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक

तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **सफ्टवेयर खरीद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले अनलाइन राजस्व मोड्युल सम्बन्धी सफ्टवेयर खरिद गरी रू.९,९५,५३०।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

२० **डि पी आर निर्माण -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार श्रीदली चौरेली रोडको डिपीआरको कार्य परामर्शदाता मिडहिल इन्फ्रास्ट्रक्चर भोजपुरबाट गराई रू. ९,९४,४४०।०० खर्च गरेकोमा अध्ययनबाट निर्धारण भएको आयोजनाकी लागत रू.. ४,३५,८८,१९३।०० रहने प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरुजु

२१ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न

भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **जनश्रमदान -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२३ **जिन्सी सामान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामानमध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन। कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ। अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **कानून निर्माण र सन्चालन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, ४वटा नियमावली, ३८कार्यविधि र ६ निर्देशिका सहित ५४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ र यो वर्ष थप भएको १ गरी कुल ८ विवाद दर्ता भएकोमा ६ वटा मात्र फस्यौंट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **सहकारी -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २० वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन**,** २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी**,** दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२८ **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **दरवन्दी र पदपूर्ति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९७ दरवन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ७५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३० **करार कर्मचारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक ८ जना कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रू. २०,८७,१२३।०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएकोले ऐनमा भएको व्यवस्था अनुसार कर्मचारी नियुक्ति गर्नुपर्दछ ।

| क्र स | कर्मचारीको नाम | असुली रकम | |
|---|---|---|---|
| १ | करार | २०,८७,१२३ | |
| | | अनियमित भएको | ४१,७४,२४६ |

३१ **तलबी प्रतिवेदन -** निजामती सेवा ऐन,२०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ|पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फको रू.१,१०,८३,५१४।०० र पालिकातर्फका स्थायी कर्मचारीहरुको रू.१,१५,०५,११६।०० गरी रू.२,२५,८८,६३०।०० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता

ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **कर्मचारी कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रू.११,००,०००।०० ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझैकर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिँदैन । तसर्थ ऐन भएको व्यवस्था अनुरुप गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा ९ योजना सञ्चालन गरी यस वर्ष ९३ जनालाई औसत १०० दिनले ९३०० दिन रोजगारी उपलव्ध गराई रू.५३,९७,०००।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **बिमा -** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११२ मा खरीद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख भन्दा बढी मूल्यको निर्माण गर्ने निर्माण व्यवसायीले बिमा गराउनुपर्ने व्यवस्था छ ।पर्यटन पूर्वाधार सूचना केन्द्र निर्माणको लागि रू. ६९,२९,२११।६७ को लागत अनुमान स्वीकृत गरी २०७९।७।२३ मा सूचना प्रकाशन गरेको देखिन्छ । ईबिड मार्फत ५ वटा बोलपत्र परेकोमा सारभूत रुपमा प्रभावग्राही देखिएको निर्माण व्यवसायी एम डी कन्स्ट्रक्सनसँग २०८०।३।२० मा सम्पन्न गर्ने गरी रू.४३,३५,६८१।७५ मा २०७९।९।२४ मा सम्झौता भई रू.४०,७२,४१३।५३ मा कार्य सम्पन्न भइ भुक्तानी गरेको छ । कार्यपालिकाको २०७९।११।२ को निर्णयानुसार ठेक्काबाट घटेको रकमबाट पुन दोस्रो तलाको लागि रू.२५,१३,९०८।९२ को लागत अनुमान स्वीकृत गरी २०८०।३।२० मा सम्पन्न गर्नेगरी निर्माण व्यवसायी

एम डी कन्स्ट्रक्सनसँग रू.२५,११,१९६।१८ मा सम्झौता गरी रू.२५,६२,११६।०० मा कार्य सम्पन्न भएको छ । नियमावली अनुसार उक्त दुवै कार्यको बिमा गराएको देखिएन । फिर्ता गर्नुपर्ने रकमबाट कार्यविधि विपरित कार्यपालिकाको निर्णयबाट निर्माण कार्य गर्नु उपयुक्त देखिएन ।

सैद्धान्तिक बेरुजु

३५ **हेभी ईक्विपमेन्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

सैद्धान्तिक बेरुजु

३६ **सामुदायिक वन -** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६२ मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर बिक्री तथा उपभोक्ता सम्बन्धी आफ्नो कार्यक्षेत्र बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने तथा स्वीकृत योजना अनुसार संकलन भएको शुल्कको १० प्रतिशत रकम पालिकामा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिका क्षेत्रभित्र रहेका ७४ सामुदायिक वनले कार्य योजना तयार गरी पालिकामा पेश गरेको देखिएन । डिभिजन वन कार्यालयसँग समन्वय गरी ऐनमा उल्लेख भए अनुसार सामुदायिक वनले आफ्नो कार्य योजना पालिकाबाट स्वीकृत गराई तोकिएको रकम पालिका संचित कोषमा दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **१५ बेडको आधारभूत अस्पताल -** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११३(२) मा निर्माण व्यवसायीले लिएको पेश्की रकम जम्मा भएको बैक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनुपर्ने उल्लेख छ । नेपाल सरकारले जिल्ला अस्पतालमा दरवन्दी अनुसार स्वास्थ्यकर्मी खटाउन नसकेको , ग्रामीण क्षेत्रको जनसंख्या घट्दै गएको तथा विद्यमान स्वास्थ्य चौकीमा आवश्यक स्वास्थ्यकर्मी , विभिन्न स्वास्थ्य उपकरणहरुको अभाव रहेको देखिन्छ । भएका स्वास्थ्य संस्थालाई सुविधा सम्पन्न बनाउनुपर्नेमा प्रत्येक पालिकामा अस्पताल निर्माण गर्नु औचित्यपूर्ण देखिदैन । एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तर्गत टेम्केमैयुङ गाउँपालिकामा निर्माणाधिन १५ सैयाको आधारभूत अस्पताल निर्माणका लागि आर्थिक बर्ष २०७७।७८ मा २२/BHO/TRM/BLD/०७७/७८ ठेक्का सम्झौता भएको देखिन्छ । पालिकाले रू. १८,०१,३०,७२५।०९ को लागत अनुमान तयार गरी २०८०।३।२५ मा सम्पन्न गर्नेगरी निर्माण व्यवसायी भूमि हिमालयन जे भीसँग रू.११,५५,६८,८३७।५१ मा सम्झौता भएको देखिन्छ । भौचर नम्बर

३।०७८।३।२३ बाट रु १ करोड पेश्की गएको देखिन्छ । नेपाल बंगलादेश बैंकको रू.२,४५,५०,०००।०० को कार्य सम्पादन जमानत पेश गरेको छ । २०८०।४।३२ मा पेश्की जमानत तथा कार्य सम्पादनको म्याद समेत सकिएको छ । भौचर नम्बर २।०७९।१०।२७ बाट माटो खन्ने काममा प्राविधिक पुष्ट्याई बेगर कार्यपालिकाको मिति २०७९।२।१७ को निर्णयानुसार रू.२१,९८,९५५।०० भेरिएसन गरी रू.९७,६३,६२६।०० प्रथम रनिङ बिल भुक्तानी भएको देखिन्छ । २०७९।४।२५ मा प्रगति पेश गर्ने सम्बन्धमा , २०७९।७।२१ मा निर्माण कार्यको ताकेता गरी पत्राचार गरेको देखिन्छ । २०८०।४।२६ मा पेश्की जमानत रोक्का सम्बन्धमा नविल बैंकलाई पत्र पठाएको छ । अस्पताल निर्माण कार्यको भौतिक प्रगति ८ प्रतिशत रहेको तथा निर्माण व्यवसायी सम्पर्कमा नरहेको पालिकाले जनाएको छ । अत शत प्रतिशत समय सकिंदा समेत प्रगति न्यून देखिएकोले सार्वजनिक खरीद नियमावली ११३(६) अनुसार बैक जमानत जफत गरी पेश्की फछ्र्यौट गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३८ **भ्याट दाखिला नगरेको -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष दहत्तर बहत्तर शुल्क भ्याट समेत रू. १३,३४,३६६।०० संकलन गरेको छ ।अत भ्याट रू. १,५२,५११।०० आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५२,५११ |

३९ **सोझै खरीद -** नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७९।१०।१७ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७९।१०।२० को खर्च कटौती तथा बजेट रोक्का सम्बन्धी परिपत्र भएको देखिन्छ । परिपत्रको बुँदा नम्बर ५ मा फर्निचर तथा नयाँ सवारी साधन खरीद शीर्षकमा विनियोजित रकम खर्च नगर्ने गरी हाललाई रोक्का राख्ने निर्णय गरेको छ । पालिकाले तालुक निकायबाट प्राप्त परिपत्रको कार्यान्वयन नगरी निम्नानुसार ५ थान सवारी साधन रू.१९,५१,२२२।०० को सोझै खरीद गरी भुक्तानी गरेको देखिएकोले उक्त खर्चलाई नियमित मान्न नसकिने रु

| **गो भौ नं। मिति** | **सामानको विवरण** | **पार्टिको नाम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ५२।०७९।११।१० | मोटर साईकल | देव मोटर्स प्रा लि | ६८९६२२ |
| ७४।०७९।११।३० | मोटर साईकल | मनकामना अटो मोवाइल्स | ८६६७०० |
| १२८।०८०।१।५ | मोटर साईकल | मनकामना अटो मोवाइल्स | ३९४९०० |
| | | **जम्मा** | **१९५१२२२** |

| | |
|---|---|
| अनियमित भएको | १९,५१,२२२ |

४० **औषधी खरीद -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ (२) मा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला बर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजार तथा अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग बाणिज्य संघले जारी गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्नेमा सो नगरी ३ वटा फर्महरुसँग दररेट मागी सबैभन्दा कम दरलाई आधार मानी लागत अनुमान तयार गरेकोले नियमावलीले गरेको व्यवस्था अनुसार लागत अनुमान तयार नगरेको कारण उक्त लागत अनुमानलाई यथार्थपरक मान्न सकिएन । पालिकाले EGP/MED/SQ/०७९/८०/१ औषधी र सर्जिकल सामानहरु खरीद गर्नको लागि रू.१४,९८,४५९।२९ को लागत अनुमान स्वीकृत गरी २०७९।५।९ मा सूचना प्रकाशन गरेको देखिन्छ । ५ वटा फर्मले बोलपत्र पेश गरेकोमा सारभूत रुपमा प्रभावग्राही रहेको भनी नयन मेडिको फर्मासँग रू. ४,९५,७५९।४० मा २०७९।८।९ सम्म सम्पन्न गर्नेगरी सम्झौता भएको देखिन्छ । भौचर नम्बर १११।०७९।९।१३ मा रू.४,९५,७४७।०० भुक्तानी भएको छ । खरीद भएका औषधीहरु तोकिएको गुणस्तर अनुसारको भए नभएको यकिन गर्न सकिएन । साथै प्राप्त भएका ७१ प्रकारका औषधीहरु वडा स्वास्थ्य संस्थामा हस्तान्तरण गरेको र स्वास्थ्य संस्थाले प्राप्त गरेको प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९५,७५९ |

४१ **धरौटी फिर्ता -** सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२४(२) मा धरौटी रकम फिर्ता गर्दा सम्बन्धित आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस आर्थिक बर्षमा निम्नानुसारका पार्टिहरुलाई मूल्य अभिवृद्दि कर समायोजन पत्र बेगर धरौटी फिर्ता गरेको देखिएकोले मू अ कर समायोजन पत्र पेश गर्नुपर्ने रु

| गो भौ नं।मिति | पार्टिको नाम | फिर्ता रकम |
|---|---|---|
| ३।०७९।७।४ | डि एण्ड जे एस निर्माण सेवा | २११३५ |
| ४।०७९।७।२१ | आर एण्ड आर निर्माण सेवा | १८५३७९ |
| ५।०७९।७।२३ | यू डी बिल्डर्स | ३७९७७५ |
| १२।०७९।११।२५ | मनकामना अटो मोवायल्स | ५७५०० |
| १३।०७९।१२।२३ | कुल निर्माण सेवा | ६६७२० |
| १६।०८०।२।१७ | मुकारुङ कन्स्ट्रक्सन | २११६२ |
| १७।०८०।२।२८ | मुकारुङ कन्स्ट्रक्सन | १९२०३ |

| | जम्मा | ७५०८७४ |
|---|---|---|

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,५०,८७४ |

४२ **दहत्तर बहत्तर शुल्क -** पालिकाले गरेको IEE प्रतिवेदन अनुसार पालिका क्षेत्रभित्र रहेका १२ वटा खोलाहरुमा मौजुदा परिमाण ३८९४२.५ घनमिटर रहेको र ३३१०१.१३ घनमिटर नदिजन्य पदार्थ उत्खनन गर्न सकिने उल्लेख छ । पालिकाले प्याकेजमा २ पटकसम्म ठेक्का आह्वान गर्दा पनि ठेक्का नलागेकोले वैकल्पिक विधिबाट राजस्व संकलन गर्नका लागि राजस्व परामर्श समितिले कार्यपालिकालाई सिफारिश गरेको छ । २०७९।६।३१ को कार्यपालिकाको निर्णयानुसार वडा मार्फत रसिद काटी दहत्तर बहत्तर शुल्क भ्याट समेत रु १३,३४,३६६।०० संकलन गरेको छ । पालिकाले मिति २०७९।१०।२० गते रसिद ठेलीहरु छपाई गरी सि नं ०१ देखि ९०० सम्म ९ थान १०० वटा रसिद संख्या भएको ठेली र ९०१ देखि १००० सम्म ५० वटा रसिद भएको २ वटा ठेली गरी जम्मा ११ वटा ठेली वडा सचिवहरुलाई बुझाएको पाइयो । पालिकाले वडागत रुपमा र रसिद ठेली अनुसार प्रत्येक रसिद नम्बरबाट प्राप्त आम्दानीलाई दैनिक वा मासिक रुपमा आम्दानी भएको रकमको जोडजम्मा गरेको छैन । यस सम्बन्धमा उक्त सबै ठेली प्रयोग भए नभएको बारे स्पष्ट हुन सकिएन ।तसर्थ पालिकाले कुन ढाट वा खोलाबाट कति परिमाण ढुंगा गिट्टी बालुवाको निकालिएको हो सोको एकिन गर्न सकिएन। यस सम्बन्धमा पालिकाले छानविन गरी एकीन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४३ **साना सिँचाई कार्यक्रम -** पालिकाले साना सिंचाई कार्यक्रमको लागि तोकिएको सिँचाइ योजनाहरुमा नहर कुलो निर्माण कार्य गर्नको लागि सिभिल वर्क कन्टिन्जेन्सी १ प्रतिशत र टुल्स तथा बिमाको ३ प्रतिशत रकम जोडी उपभोक्ताको श्रमदानको २ प्रतिशतले हुने रकम घटाइ भुक्तानी दिने व्यवस्था छ । पालिकाले कामको बिमा तथा टुल्सहरुको पालिकाले नै खरीद गरी योजनाहरुलाई समान किसिमले सामान वितरण गरेको पाइयो । कार्यसम्पन्न प्रतिवेदनमा भुक्तानीमा कन्टीन्जेन्सी १ प्रतिशत र टुल्स तथा बिमाको ३ प्रतिशत वापत रकम मुल्यांकन कामको आधारमा गरेको भएतापनि बढी खर्च भएको योजनामा कम मुल्य बराबरको सामानको मुल्यांकन र कम खर्च भएको योजनामा बढी मुल्य बराबरको सामानको मुल्यांकन भएको पाइयो। जुन देहायबमोजिम रहेको छ ।

| सिनं | योजनाको नाम | कार्यसम्पन्न रकम | सामाग्री खरीद | टुल्स तथा बिमाको मुल्यांकन | फरक | |
|---|---|---|---|---|---|---|
| १ | खाङटाङ कुलो गोगने सिँचाई योजना | २९९६५०६।९१ | ११२७४३ | ८४८९२।९४ | २७८५० | घटी मुल्यांकन |
| २ | बुलुम्पा कुलो सिँचाई योजना | ४७२२४५० | ११२७४३ | १३३६५४।२५ | २०९०९ | बढी मुल्यांकन |
| ३ | खैइवा सहकारी कुलो सिँचाई योजना | २७९४१५१।९२ | ११२७४३ | ८०८३५।६९ | ३१९०७ | घटी मुल्यांकन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ओखरबोटे कुलो नागी सिँचाई योजना | ५९८३३८६ | ११२७४३ | १७१८४६ | ५९१०० | बढी मुल्यांकन |
| ५ | बैरनी कुलो बैराङ्ग सिँचाई योजना | ३२४२९८९।९९ | ११२७४३ | ९२९८५ | १९७५८ | घटी मुल्यांकन |

उक्त योजनाहरुमा आवश्यकता तथा कामको आधारमा सामान खरीद गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४ **भरपाइ पेश नभएको -**

४४.१ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११ ।२४ को निर्णयबाट रू.५९५०३।- सम्परीक्षण गरिएको ।)***

४४.२ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११ ।२४ को निर्णयबाट रू.११८६००।- सम्परीक्षण गरिएको ।)***

४५ **बढी भुक्तानी -** राउते खोस्ताहा खानेपानी योजना टेम्केमैयुम ९ लेखर्कमा खानेपानी टंकी निर्माण गर्ने कार्यको लागि रू.२७,९०,५५।९० को लागत अनुमानमा पाइपलाईनको कार्य गर्न खन्ने पुर्ने कार्यकोलागि १७१ घ.मि.को रू. १,१६,८५७।६२ स्वीकृत भएको तर लागत अनुमानमा पाइपको परिमाण कति मिटर प्रयोग गर्ने मौज्दात वा खरीदबाट प्रयोग गर्ने भन्ने उल्लेख भएको पाइएन । पालिकाले प्राविधिक मुल्यांकन नापी कितामा समेत पाइप खन्ने र पुर्ने कार्यको लागि १०१.२५ घ. मि. काम गरेको भनि भौ. नं. ६३-२०८०-३-१८ बाट रू. ६८,८२९।७५ उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । उपभोक्ता समितिले पाइप खरीद गरेको हो वा मौज्दातबाटबाट घटाएको नदेखिएको र नापी किताबामा समेत पाइपको प्रयोग भएको नदेखिएकोले पाइपलाइन लेइङ्गको काम भएको मान्न सकिएन । तसर्थ पाइपलाईनको कार्य नहुँदा खन्ने पुर्ने कार्यको रकम दिएको औचित्य नदेखिएकोले सो रकम रू. ६८,८२९।७५ असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६८,८२९।७५ |

४६ **मेडपा कार्यक्रम -** उद्यम वकास सहजकर्ता झरणा डि सी ले लिएको पेश्की रु ४२४४००। फछ्र्यौट गरेकोमा वडा नं ६ मा संचालन भएको ७ दिने उद्यमशिलाता तालिम लिएका सहभागीहरुमध्येबाट छनौट भएका ११ सहभागीहरुलाई मिति २०७९।११।१६ देखि २०८०।२।१६ सम्म संचालित ३ महिने ढाका बुनाई सिप विकास तालिमको सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

४६.१ सहभागीहरुलाई वितरण गर्न मनिस अनिस फर्निचरबाट खरीद गरेको ढाका बुन्ने फ्रेमवाला तान ७ थान र वाल्पिङ्ग ड्रम १ को जम्मा रु ९९,०००।को सामान वितरण नगरी हाल लेखापरीक्षण अवधि सम्म पनि सम्बन्धित वडा कार्यालयमा नै रहेको पाइएको रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९९,००० |

४६.२ ✂ .......... *(प्रारम्भिक प्रतिवेदन उपर असुल दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१९ को निर्णयबाट रू.६८००।- सम्परीक्षण गरिएको ।)*

४७ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको पेश्की बाँकीको विवरणअनुसार देहायको निर्माण व्यवसायीलाई रू.१,२७,१९,०००। म्याद ननाघेको पेश्की बाँकी रहेको देखिन्छ। पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्योंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| सि नं | निर्माण व्यवसायीको नाम | कार्यक्रम | पेश्की रकम | पेश्की दिएको मिति |
|---|---|---|---|---|
| १ | भूमि।हिमालयन जे भी | १५ बेडको अस्पताल निर्माण | १००००००० । | गत विगतको पेश्की |
| २ | यु.डी. विल्डर्स कम्पनी प्रा.लि. | गोगने खोला सडक पुल, बतासे-सल्लेनि त्यम्केमैयुम गा पा ७ (DPR समेत) | २७,१९,०००। | २०७९।१२।२२ |
| | | **जम्मा** | **१२७१९०००।** | |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४८ **नविकरणीय उर्जा प्रविधि -** नविकरणीय उर्जा प्रविधि जडान शिर्षकबाट पालिकाले वडा कार्यालयहरु तथा स्वास्थ्य चौकीहरुको मागको आधारमा न्युटक्सार इलेक्ट्रोनिक्सबाट ८ थान इन्भर्टर र १६ थान ब्याट्री खरीद गरी भौ. नं. ७२-२०८०-३-२१ बाट रू.७,२३,०००।०० भुक्तानी भएको छ । सो सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन्

- मिति २०८०।३।२० को सप्लायर्सको बिल अनुसार रू. ७,२३,०००।०० सामानहरु प्राप्त भएकोमा हाल लेखापरीक्षण अवधीसम्म वितरण नगरी पालिका भवनमा राखेको पाइयो । जुन प्रयोजनको लागि सामान खरीद भएको सोही अनुसार सम्बन्धित वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा जडान गरेको प्रमाण पेश गर्नु पर्ने रू.

- न्यु टक्सार इलेक्ट्रोनिक्सलाई मूअ कर रू.८३,१७७।०० सहित रु ७,२३,०००।०० भुक्तानी दिएकोमा उक्त फर्म २०७९फाल्गुण देखि नन्फाइलर रहेको पाइयो । पालिकाले भुक्तानी गरेको मू.अ. कर वापतको रकम आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको मू. अ. कर समायोजन पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२३,००० |

४९ **करार शिक्षकलाई बीमा रकम भुक्तानी -**
*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१९ को निर्णयबाट रू.३६००।- सम्परीक्षण गरिएको ।)*

५० **अनुदान रकम फिर्ता गर्नुपर्ने -**

५०.१ *........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रू.२४६२५१६।- सम्परीक्षण गरिएको ।)*

५०.२ *........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रू.१५०३६५।- सम्परीक्षण गरिएको ।)*

५१ **प्रशिक्षक भत्ता -**
*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१९ को निर्णयबाट रू.३२००।- सम्परीक्षण गरिएको ।)*

५२ **दोहोरो पोशाक खर्च -** करार शिक्षक कमल राईलाई चैत्र महिनाको तलब तथा पोशाक खर्च रू.४२,९०२।०० भुक्तानी भएकोमा निजको शिक्षक सेवा आयोगको परीक्षा उत्तिर्ण गरी कानेपोखरीको बखदे आधारभुत विद्यालयमा २०७९।१२।१५ गते नियुक्ति लिइ हाजिर समेत भएको र यस पालिकामा मिति २०७९।१२।१५ देखि लागु हुनेगरी राजिनामा दिएकोमा निजले नियुक्ति भएको विद्यालयबाट पनि पोशाक खर्च लिनसक्ने भएकोले उक्त दोहोरो पोशाक खर्च नलिएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,९०० |

५३ **बढी ग्रेड भुक्तानी -** शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ। पालिकाले देहायको विद्यालयलाई तलब निकासा गर्दा बढी ग्रेड रकम भुक्तानी गरेको ले बढी भुक्तानी भएको रकम रु गरे भन्दा रू.७४,२३७।६० बढी रकम निकाशा भएको देखिएकोले असुल उपर गर्नुपर्ने रु

| सि नं | विद्यालयको नाम | शिक्षकको नाम | भुक्तानी हुनुपर्ने ग्रेड | भुक्तानी भएको ग्रेड | रकम |
|---|---|---|---|---|---|
| १ | अन्नपुर्ण बागधन रणदिप राई मा वि | लाल कुमार मण्डल | ६ | ७ | २०६७५.२ |
| २ | चण्डेश्वरी मा वि | दिपक राई | ४ | ५ | १६४४३.६ |
| ३ | चण्डेश्वरी मा वि | धिरेन्द्र कुमार यादव | ४ | ५ | १६४४३.६ |
| ४ | पञ्चकन्या प्रा वि | मकर बहादुर खत्री | २ | ३ | २०६७५.२ |
| | | | | **जम्मा** | **७४२३७.६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४,२३७।६० |

५४ **शिक्षक दरबन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | तिम्मा मा वि, तिम्मा | ११ | ११ | १० | १२० |
| २ | सप्तकन्या प्रा वि, तिम्मा | ३ | ३ | ० | २० |
| ३ | जीवनसुधार आ वि, तिम्मा | ७ | ७ | १ | ११५ |
| ४ | पखुवाज्योति प्रा वि, तिम्मा | ३ | ३ | ३ | ३५ |
| ५ | पशुपति मा वि, तिम्मा | ११ | ११ | ५ | ११६ |
| ६ | सरस्वती आ वि, छिनामखु | ६ | ६ | ० | ६१ |
| ७ | त्रिभुवन धर्मोदय मा वि, छिनामखु | १५ | १५ | ४ | २४४ |
| ८ | सासेन प्रा वि, छिनामखु | ३ | ३ | २ | २० |
| ९ | जनजागृति प्रा वि छिनामखु | ३ | ३ | २ | १९ |
| १० | त्रिभुवन धर्मोदय प्रा वि छिनामखु | ३ | ३ | २ | ४२ |
| ११ | नौलागाउँ आदर्श प्रा वि छिनामखु | २ | २ | ० | १३ |
| १२ | ठेउवा प्रा वि छिनामखु | २ | २ | २ | २१ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | छाङछाहाङ प्रा वि अन्नपूर्ण | ३ | ३ | १ | ३५ |
| १४ | शंकर जनहित प्रा वि अन्नपुर्ण | ३ | ३ | १ | ४४ |
| १५ | अन्नपुर्ण बा. र. रा. मा वि अन्नपुर्ण | १४ | १४ | ६ | २२८ |
| १६ | छेनखामा प्रा वि अन्नपुर्ण | २ | २ | २ | १४ |
| १७ | शारदा प्रा वि नागी | ३ | ३ | १ | ३७ |
| १८ | ज्ञानोदय प्रा वि नागी | ३ | ३ | २ | ३१ |
| १९ | चण्डेश्वरी मा वि नागी | ११ | ११ | ४ | १४१ |
| २० | जनता प्रा वि खावा | ३ | ३ | २ | ६४ |
| २१ | साकेवा प्रा वि खावा | २ | २ | ० | ३८ |
| २२ | महाकाली प्रा वि खावा | ३ | ३ | १ | २७ |
| २३ | दिल प्रा वि खावा | ३ | ३ | ० | २३ |
| २४ | महेन्द्र आ वि खावा | ६ | ६ | २ | ९१ |
| २५ | पशुपति मा वि खावा | १० | १० | ५ | ९८ |
| २६ | सिद्धेश्वरी प्रा वि कोट | ३ | ३ | १ | ५२ |
| २७ | सप्तकन्या प्रा वि कोट | १ | १ | ० | २७ |
| २८ | सत्यदेवी प्रा वि कोट | ३ | ३ | ० | ३४ |
| २९ | जनोदय मा वि कोट | १६ | १६ | ५ | २४८ |
| ३० | टयाम्के प्रा वि कोट | २ | २ | ० | ३८ |
| ३१ | पञ्चकन्या प्रा वि कोट | ३ | ३ | १ | ३० |
| ३२ | जौनागी आ वि कोट | ८ | ८ | २ | १२३ |
| ३३ | संज्ञान प्रा वि कोट | ३ | ३ | २ | ६४ |
| ३४ | विद्धेश्वर मा वि गोगने | १५ | १५ | ६ | ३२९ |
| ३५ | महेन्द्रोदय प्रा वि गोगने | ४ | ४ | १ | ८८ |
| ३६ | पञ्चकन्या प्रा वि गोगने | ३ | ३ | ० | ३४ |
| ३७ | सिङहेश्वरी प्रा वि गोगने | २ | २ | ० | १९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८ | जालपा जन्ता प्रा वि गोगने | २ | २ | ० | ३३ |
| ३९ | जालपादेवी प्रा वि लेखर्क | २ | २ | ० | १४ |
| ४० | शिकारी पोखरी प्रा वि लेखर्क | २ | २ | ० | २८ |
| ४१ | पञ्चकन्या प्रा वि | ३ | ३ | ० | ६२ |
| ४२ | सिंहदेवी मा वि लेखर्क | १२ | ११ | ५ | २८८ |
| ४३ | पञ्चप्रकाश आ वि लेखर्क | ७ | ७ | २ | ११४ |
| ४४ | ज्ञानोदय आ वि लेखर्क | ८ | ८ | ४ | १३५ |
| ४५ | साकेला प्रा वि लेखर्क | १ | १ | १ | २२ |
| | **जम्मा** | **२३५** | **२३४** | **८८** | **३४७९** |

शिक्षा नियमावली २०५९ को परिच्छेद १५ नियम ७७ मा प्रत्येक सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया पहाडी क्षेत्रमा पैतालीस जना हुनुपर्ने उल्लेख छ । पालिका भित्र रहेका २५ वटा विद्यालयमा ४५ भन्दा कम विद्यार्थी अध्ययन रहेको पाइयो । पालिकाले विद्यालयको स्थिती विद्यार्थी संख्या तथा भौगोलिक अवस्था समेतको विचार गरी विद्यालय समायोजन गर्ने र सोही अनुसार शिक्षक दरबन्दी कायम गरी शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ **नन्फाइलर -** मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट निम्न फर्मलाई मू.अ.कर रु १४७५८४ समेत रु १२८२८४३ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त फर्महरु कर विवरण नबुझाइ नन्फाइलर रहेको पाइयो । कानुनी व्यवस्था अनुसार विवरण नबुझाएकोले मुल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु

| भौ नं मिति | पान नं | सामग्री | विवरण | विजक रकम | विजक नं | नन्फाइलर मिति | भ्याट रकम |
|---|---|---|---|---|---|---|---|
| १३३-२०७९।९।२४ | ६१५९५७७६८ | मसलन्द सामग्री | आदीवारा प्रिन्टीङ्ग प्रेस | ६७४६१० | २४-२०७९।८।२५ | २०७८ बैशाख | ७७६१० |
| १४५-२०७९।१०।६ | ६१५९५७७६८ | मसलन्द सामग्री | आदीवारा प्रिन्टीङ्ग प्रेस | ७५७१० | २६-२०७९।८।२५ | २०७८ बैशाख | ८७१० |
| २२९-२०७९।१२।२ | ६१५९५७७६८ | मसलन्द सामग्री | आदीवारा प्रिन्टीङ्ग प्रेस | ६१०२० | ८-२०७८।६।१३ | २०७८ बैशाख | ७०२० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २५२-२०७९।१२।२० | ६१५९५७७६८ | मसलन्द सामग्री | आदीवारा प्रिन्टीङ्ग प्रेस | ३५६९२१ | ५८-२०७९।११।१२ | २०७८ बैशाख | ४१०६२ |
| ४४४-२०८०।३।१५ | ६०२०८९८४१ | मसलन्द सामग्री | न्यु टक्सार इलेक्ट्रोनिक्स | ११४५८२ | २७-२०७९।८।३ | २०७९ बैशाख | १३१८२ |
| | | | जम्मा | १२८२८४३ | | | १४७५८४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४७,५८४ |

५६ **वितरणमुखी कार्य -** स्थानीय सरकार संचालन ऐन २०७४ मा वितरणमुखी नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूंजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । यो वर्ष देहाय अनुसारका संस्थालाई खेलकुद तथा सांस्कृतिक कार्यक्रमको लागि अनुदान दिएको देखिन्छ । पालिकाले यस्ता वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

| भौ नं मिति | शिर्षक | संस्था / समुह | विवरण | रकम |
|---|---|---|---|---|
| ८२-२०७९।७।२९ | चालु | तिम्मको खेलकुद विकास समिति | भलिबल आयोजना | १४५५०० |
| १०१-२०७९।९।५ | चालु | छिनामुख युवा समाज | फुटबल खेल आयोजना | ३३९५०० |
| १८९-२०७९।११।३ | चालु | महिला लक्षित कार्यक्रम उ स | महिला लक्षित कार्यक्रम | २३२८०० |
| २३५-२०७९।१२।५ | चालु | जिल्ला खेलकुद विकास समिति | खेलकुद | १९४००० |
| २९०-२०८०।१।१३ | चालु | उधमशील कृषि सहकारी संस्था लि | कृषिजन्य तरकारी उत्पादन | ५५०००० |
| ४४८-२०८०।३।१५ | चालु | दलित उत्थान कार्यक्रम उ.स. | दलित उत्थान कार्यक्रम | ४३६५०० |
| १९-२०७९।१२।६ | अपाङ्गता रोकथाम तथा पुनस्थापर्ना | टेम्केमैयुङ अपाङ्गता उत्थान संघ | अपाङ्गता सुढुदिकरण तथा सशक्तिकरण | १५०००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५७ **परामर्श खर्च -** कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली,२०७९ को नियम ४१(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल,भरपाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । कार्यालयको संगठनतथा व्यवस्थापन सर्वेक्षण कार्य संग सम्बन्धि परामर्श खरिदमा रु ४,९७,२००।०० भुक्तानी भएकोमा परामर्श दिने व्यक्तिको विवरण समेत नखुलेकोले परामर्श दिने जनशक्तिको योग्यता एवम् विज्ञताको प्रमाण पेश हुनुपर्ने रु

| भौ नं मिति | परामर्शको विषय | परामर्शदाता संस्था | मुख्य जनशक्ति | प्रमाण कागजात | रकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ५३९-२०८०।३।२४ | कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य | ब्राइट रुट एकेडमी प्रा.लि.तारकेश्वरा | जनशक्ति विवरण नखुलेको | सम्बन्धित विषयको विज्ञताको प्रमाण वेगर | ४९७२०० |
| | | | | प्रमाण पेश नगरेको | ४,९७,२०० |

५८ **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१)बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२)बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु १६,९६,७८४।०० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५९ **प्रमाण वेगर खर्च -** कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७९ को नियम ४१(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल,भरपाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले देहायका कार्यमा खर्च गर्दा पुष्टी हुने प्रमाण वेगर रु ५८०३४३ खर्च गरेकोले सो प्रमाण पेश हुनुपर्ने रु

| भौ नं मिति | शिर्षक | व्यहोरा | विवरण | पार्टी | कैफियत | रकम |
|---|---|---|---|---|---|---|
| १२३-२०७९।९।२१ | चालु | रेबिज भ्याकसिन र जौ-घाँस लगायत समान | ५४९ पिस भ्याकसिन,५०० किलो घाँसको बिउ | पशुपंक्षी शाखा प्रमुख दान बहादुर अधिकारी भुक्तानी | जिन्सी दाखिला तथा वितरण भरपाइ पेश नभएको | १४९९१८ |
| १०६-२०७९।९।८ | चालु | मसलन्द सामग्री | पेनड्राइभ फोटोकपी डटपेन लगायतका सामग्री | सचिव वडा ८ र ९ | खरिद आदेश,टिप्पणी तथा जिन्सी दाखिला नभएको | १६२८४० |
| १०९-२०७९।९।१२ | चालु | मसलन्द सामग्री | पेनड्राइभ फोटोकपी डटपेन लगायतका सामग्री | सचिव वडा नं ५ | खरिद आदेश,टिप्पणी तथा जिन्सी दाखिला नभएको | ४१३४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०९-२०७९।९।१२ | चालु | मसलन्द सामग्री | पेनड्राइभ फोटोकपी डटपेन लगायतका सामग्री | सचिव वडा नं ६ | खरिद आदेश,टिप्पणी तथा जिन्सी दाखिला नभएको | ५५९६० |
| १०९-२०७९।९।१२ | चालु | मसलन्द सामग्री | पेनड्राइभ फोटोकपी डटपेन लगायतका सामग्री | सचिव वडा नं ७ | खरिद आदेश,टिप्पणी तथा जिन्सी दाखिला नभएको | ५०८६० |
| १२७-२०७९।९।२१ | चालु | मसलन्द सामग्री | पेनड्राइभ फोटोकपी डटपेन लगायतका सामग्री | सचिव वडा नं १ | खरिद आदेश,टिप्पणी तथा जिन्सी दाखिला नभएको | ३४८७५ |
| १५४-२०७९।१०।१५ | चालु | मसलन्द सामग्री | पेनड्राइभ फोटोकपी डटपेन लगायतका सामग्री | सचिव वडा नं २ | खरिद आदेश,टिप्पणी तथा जिन्सी दाखिला नभएको | ३९०५० |
| २४७-२०७९।१२।१६ | चालु | मसलन्द सामग्री | पेनड्राइभ फोटोकपी डटपेन लगायतका सामग्री | सचिव वडा नं ८ र ९ | खरिद आदेश,टिप्पणी तथा जिन्सी दाखिला नभएको | ४५५०० |
| | | | | **जम्मा** | | **५८०३४३** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,८०,३४३ |

६० **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न शैक्षिक संस्थाहरुलाई सहायता रू.९८,५००।००,अन्य सामाजिक सहायता रू.२,५०,०००।०० र अन्य सहायता रू.४,९९,९७५।०० समेत सहायता खर्च रू. ८,४८,४७५।०० आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि मापदण्ड एवम् आन्तरिक आम्दानीको विचार गरी वितरण गर्नुपर्दछ । आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६१ **मसलन्द खर्च -** कार्यालयलाई वर्ष भरिमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामानमा रू.३१,७९,८१५।०० र छपाइ तथा सुचना प्रकाशनमा

रु ७,००,०००।०० खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण सुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्ने तर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६२ **मर्मत खर्च -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६(१) सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत सम्भार गर्नुपर्ने भए सोको लिखित जानकारी त्यस्तो मालसामानको उपयोगकर्ताले सो निकायको प्रमुखलाई दिनु पर्नेछ । त्यसरी जानकारी प्राप्त भएपछि निजले नियम १३ को उपनियम(५) बमोजिम लागत अनुमान तयार गराई स्वीकृत गर्नु पर्नेछ ।जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गर्ने वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । गाउँपालिकाले मर्मत खर्च भुक्तानी गर्दा केही खर्चमा मर्मत आदेश र मर्मत म.ले.प.फा.नं.४१४ तयार नगरी रू.२१,३९,०४१।०० खर्च लेखेको छ ।नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६३ **इन्धन खर्च -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष इन्धन कार्यालय प्रयोजन रू.१७,९०,२१२।०० खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६४ **विविध खर्च -** कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७९ को नियम ४१(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल,भरपाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।गाउँपालिकाले यो वर्ष विविध खर्च वापत रू.३७,८८,२३४।०० खर्च गरेको छ । खर्च गरेको रकमको विल पेश भएको गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६५ **वडागत खर्च -** गाउँपालिकाले वडा नं.१ देखि ९ सम्म प्रति वडा न्युनतम रू.४,५०,०००।०० देखि अधिकतम रू. ५,००,०००।०० सम्म उपलब्ध गराइ वडा सञ्चालन खर्च वापत रू.४४,२८,०००।०० खर्च गरेको छ । वडा कार्यालयसँग सम्बन्धित नियमित खर्चहरु गाउँ कार्यपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट जिन्सी सामान खरिद, कार्यालय व्यवस्थापन, संचार लगायतका कार्यमा खर्च गर्दा जिन्सी लगत अद्यावधिक नहुने, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा गाउँपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६६ **पदाधिकारीको दैनिक भ्रमण भत्ता -** कोशी प्रदेश गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधाको सम्बन्धी ऐन, २०७५ को दफा ८(४) मा गाउँ तथा नगरपालिका पदाधिकारीलाई भ्रमण गर्दा ३ दिन सम्मको भ्रमण आदेश अध्यक्ष वा प्रमुखको हकमा स्वयम स्वीकृत गर्न सक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्ने व्यवस्था छ । पालिकाको पदाधिकारीहरुले कानुनमा भएको व्यवस्था अनुसार भ्रमण आदेश कार्यपालिका बैठकबाट स्वीकृत वा अनुमोदन गरेर दैनिक भ्रमण भत्ता खर्च लेखेको देखिन्छ । पालिकाले आफ्नो आन्तरिक आम्दानीको स्रोतलाई ध्यानमा राखी त्यस्ता खर्चलाई न्युनिकरण गर्नुपर्दछ ।

| भौ नं मिति | नाम पद | मिति | स्थान | काम | रकम |
|---|---|---|---|---|---|
| ५८-२०७९।६।१३ | गा पा अध्यक्ष सरोज बस्नेत | २०७९।५।२२ देखि २८ सम्म | काठमाण्डौ | कार्यालयको कामकाज | २३००० |
| ५८-२०७९।६।१३ | गा पा अध्यक्ष सरोज बस्नेत | २०७९।४।२७-५।२ | काठमाण्डौ | कार्यालयको कामकाज | २१००० |
| ५८-२०७९।६।१३ | गा पा अध्यक्ष सरोज बस्नेत | २०७९।३।२६-४।१ | काठमाण्डौ | कार्यालयको कामकाज | २१००० |
| १२९-२०७९।९।२२ | गा पा अध्यक्ष सरोज बस्नेत | २०७९।८।२४ देखि ९।११ | काठमाण्डौ | कार्यालयको कामकाज | ४०००० |
| ३११-२०८०।१।२५ | गा पा अध्यक्ष सरोज बस्नेत | २०८०।९ देखि १।२१ | काठमाण्डौ | कार्यालयको कामकाज | २९६१० |
| १०९-२०७९।९।१२ | ५ नं वडाध्यक्ष सुनिल राई | २०७९।५।१५-२० | खावा अन्नपुर्ण | सरकारी काम | ७६०० |
| १०९-२०७९।९।१२ | ७ नं वडाध्यक्ष बाल बहादुर खड्का | २०७९।४।९-४।१४ | कोटा भोजपुर | सरकारी काम | ७६०० |
| १०९-२०७९।९।१२ | ७ नं वडाध्यक्ष बाल बहादुर खड्का | २०७९।६।२० देखि ६।२५ | कोटा गाउँपालिका | सरकारी काम | ७६०० |
| १०९-२०७९।९।१२ | ६ नं वडाध्यक्ष सुर्य प्रसाद नेपाल | २०७९।४।७ देखि ४।१२ सम्म | कोटा भोजपुर | सरकारी काम | ७६०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १०९-२०७९।९।१२ | ६ नं वडाध्यक्ष सुर्य प्रसाद नेपाल | २०७९।६।१८ देखि ६।२३ | कोटा | सरकारी काम | ७६०० |
| १२७-२०७९।९।१२ | १ नं वडाध्यक्ष नर बहादुर राई | २०७९।४।७ देखि ४।१२ | तिम्मा भोजपुर | सरकारी काम | ६३०० |
| १२७-२०७९।९।१२ | १ नं वडाध्यक्ष नर बहादुर राई | २०७९।६।१० देखि ६।१५ | तिम्मा भोजपुर | सरकारी काम | ५४०० |
| २४७-२०७९।१२।१६ | ८ नं वडाध्यक्ष कृष्ण बहादुर बाँनिया | २०७९।८।१२ देखि ८।१९ | विराटनगर | सरकारी काम | ११४०० |
| २४७-२०७९।१२।१६ | ९ नं वडाध्यक्ष नभराज माङ्पाहाङ | २०७९।८।१२ देखि ८।१९ | विराटनगर | सरकारी काम | ११४०० |
| २५३-२०७९।१२।२० | ३ नं वडाध्यक्ष पूर्ण प्रसाद राई | २०७९।८।२५ देखि ८।२९ | अन्नपूर्ण | सरकारी काम | ५१०० |
| २५३-२०७९।१२।२० | ३ नं वडाध्यक्ष पूर्ण प्रसाद राई | २०७९।९।२२ देखि ९।२७ | अन्नपूर्ण | सरकारी काम | ६३०० |
| २५३-२०७९।१२।२० | ३ नं वडाध्यक्ष पूर्ण प्रसाद राई | २०७९।७।१५ देखि ७।२० | अन्नपूर्ण | सरकारी काम | ६६०० |
| | | | | जम्मा | १८५११० |

सैद्धान्तिक बेरुजु

## ६७ सामाजिक सुरक्षा विवरण -

६७.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ अनुसार बैंक मार्फत भत्ता वितरण गर्दा छनौट भएको बैंकले स्थानीय तहबाट प्रणाली मार्फत अनुसूची ८ फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त विवरण बैंकबाट प्राप्त गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले त्यस्तो फर्वाड फीड बमोजिमको लाभग्राहीको विवरण लेखापरीक्षणको समयमा माग हुंदा लाभग्राहीको प्रकृति अनुसार लाभग्राहीको खातामा रकम जम्मा गरेको हार्डकपी विवरण पेश भएको छ । जम्मा गरेको रकम झिकेको विवरण पेश नभएकोले कार्यालयबाट छानविन गरी रकम नझिकेको विवरण बैंकबाट लिई बाँकी रकम संघीय राजस्व दाखिला गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्ष - २०७९/८०**

**कार्यालय र स्थान -** टेम्केमैयुङ गाउँपालिका, भोजपुर , टेम्केमैयुङ गाउँपालिका , भोजपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सन्दिप न्यौपाने | २०७९-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Arjun Jung Basnet | २०७९-४-१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरण -**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १६९,७६७.३५ | ६,१२५,४६८ | ६,२३७,२५५ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रू.** | | | | | १२,५३२,४९०.३५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रू.** | | | | | २,८०७,७८४ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रू.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रू.** | | | | | ९,७२४,७०६.३५ |

स्थानीय तह -

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७६०४७८९७.४५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४७०२२८२१२ | चालु खर्च | ४१६१६८८३१ |
| प्रदेश सरकारबाट अनुदान | २४७२८३७० | पूँजीगत खर्च | १६०३२०९८२ |
| राजश्व बाँडफाँट | ७१२५१८२६.९१ | वित्तीय/अन्य व्यवस्था | २८७४३०६४ |
| आन्तरिक आय | ४६५८९९९.८३ | | |
| अन्य आय | २५००८८९३.५ | | |
| कुल आय | ५९५८७६३०२.२४ | कुल खर्च | ६०५२३२८७७ |
| बाँकी मौज्दात | | ६६६९१३२२.६९ | |